आज मिति २०८३/०४/०६ गते बिहान ८:०० बजे सखुवा प्रसौनी गाउँपालिका गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री जसवन्त यादव ज्यूको अध्यक्षतामा बसी निम्न उपस्थितिमा तपसिलका प्रस्तावहरुमाथि छलफल गरी आवश्यक निर्णय गरियो । उपस्थिति :

| सि न | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री जसवन्त यादव | अध्यक्ष | | |
| २ | श्री शर्मिला बिष्ट | उपाध्यक्ष | | |
| ३ | श्री बासुदेव महतो थारु | वडा अध्यक्ष | | |
| ४ | श्री चिरंजिवी प्रसाद महतो थारु | वडा अध्यक्ष | | |
| ५ | श्री मोजामिल अंसारी | वडा अध्यक्ष | | |
| ६ | श्री महम्मद आरीफ अंसारी | वडा अध्यक्ष | | |
| ७ | श्री असेशर प्रसाद यादव | वडा अध्यक्ष | | |
| ८ | श्री मुन्ना प्रसाद कम्कर | वडा अध्यक्ष | | |
| ९ | श्रीमती गिरजा देवी थरुनी | सदस्य | गीरजा | |
| १०. | श्रीमती श्रीकान्ती कुमारी देवी थरुनी | सदस्य | | |
| ११. | श्रीमती झपसी दुसादिन | सदस्य | झपसी | |
| १२. | श्रीमती हसीना खातुन | सदस्य | | |
| १३. | श्री महादेव सा कलवार | सदस्य | | |
| १४ . | श्री लाल बहादुर उराव | सदस्य | | |
| १५ | श्री संजिव कुमार यादव | सदस्य सचिव | | |

आमन्त्रित सदस्यहरु

१. श्री अरविन्द ठाकुर -प्रशासन शाखा प्रमुख

२. श्री सुमन कुमार साह - आर्थिक प्रशासन शाखा प्रमुख

प्रस्तावहरु:

१. चौथो त्रैमासिक राजश्व संकलन तथा बजेट कार्यान्वयन समिक्षा सम्बन्धमा ।

निर्णयहरु:

१. प्रस्ताव नं. १ माथि छलफल गर्दा चालु आ.व. २०८२।०८३ को चौथो त्रैमासिकमा यस सखुवा प्रसौनी गाउँपालिकाले आन्तरिक राजश्वको वार्षिक अनुमानको ३६.५७ प्रतिशत राजश्व संकलन गरेको तथा वर्ष भरीमा कुल रु. ५१८०६०९।८९ संकलन गरेको साथै चौथो त्रैमासिकमा कुल बजेटको मात्र २८.७७ प्रतिशत खर्च भएको जसमध्ये चालुतर्फ २४.७८ प्रतिशत तथा पुँजीगततर्फ ३८.४२ प्रतिशत मात्र खर्च भएको तथा वर्षभरीमा कुल बजेटको ७९.२१ प्रतिशत खर्च भएको जसमध्ये चालु खर्च ८३.२१ प्रतिशत तथा पुँजीगत खर्च ६९.५८ प्रतिशत रहेकोले आगामी आर्थिक वर्षमा पुँजीगत खर्च बढाउन पहल गर्ने निर्णय गरियो ।